हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १७९ पृष्ठ : ४ २०७७ माघ १७ गते शनिबार (Saturday 30 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

•अनेरास्ववीयुको जिल्ला भेला •

## तोकिएकै मितिमा चुनाव हुन्छ :कानूनमन्त्री लिला

■ बद्री नारायण यादव

सिरहा । संसदिय मामिला तथा कानून मन्त्री लिलानाथ श्रेष्ठले तोकिएकै मिमि आउदो बैशाखामा चुनाव हुने बताए । नेपाल कम्युनिष्ट पार्टी निकटका अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन सिरहाको जिल्ला भेलामा बोल्दै त्यस्तो कुरा बताएका हुन् ।

नेकपाभित्रकै केही स्वार्थी नेताहरूको व्यक्तिगत स्वार्थका कारण देश अनिर्णयको बन्दी बनेको तर्क गर्दै उनले भने,'तोकिएकै मितिमा चुनाव गराएर केपी शोलीले सबैखाले जटिलतालाई निकास दिन तयार छ । हामी तयार छौं ।'



भगौडा, स्वार्थी र फुटको कुरा मात्र गर्नेहरूको पछि नलाग्ने उनले सबैसँग आग्रह गरे ।

प्रचण्ड र माधव नेपाल आफ्नो गल्तीलाई ढाकछोप गर्दै प्रधानमन्त्रीमाथि कपोकलपी आरोप लगाएर आफ्नो स्वार्थ सिद्ध गर्न खोजेको उनले प्रष्ट पारे । केपी ओली मधेश विरोधी हो भन्नेहरूको जवाफ स्वरूप प्रम ओलीले तराई मधेशमा संचालन गरेका योजनाहरू नै काफी रहेको उनले थपे ।

सिरहा जिल्लामा लगडीगदियानी जम्दह सडक जस्तै तराई मधेशका विभिन्न जिल्ला केन्द्रित रहेका हुलाकी राजमार्ग निर्माण, सदरमुकाम विकास कार्यक्रम, सुरक्षित आवास कार्यक्रम जस्ता अनेकौं विकासका योजनाहरू ओली नेतृत्वको सरकारले संचालन गर्दै

बाँकी ४ पेजमा

## पारदर्शीता खोज्ने मेयरबाटै कुटिए



सिरहा । नगरपालिकाले गर्दै आएको विकास निर्माण तथा अन्य कार्यक्रमको सन्दर्भ कोट्याउदै पारदर्शीता खोज्नेलाई मिर्चैया नगरपालिकाका मेयर श्रवण यादव र उनका आसेपासेले कुटपिट गरेका छन् ।

'पार्टीको आन्तरिक बैठक थियो । सो बैठक सक्ना साथ मेयर यादवसँग विषेश समय मागे । समय दियो,'मिर्चैया नगरपालिका ५ का पिडित प्रदिप कुमार साहले भने,'बैठकमा अरू कुरा गर्दा होहल्लै नगर्ने मेयर यादवसँग नगरपालिकाको हिसावको कुरा उठाउदा आफै र उनका आसेपासेले कुटपिट गर्‍यो ।' लातीमुका, हेल्मेट र कुर्सी हानेर कुटपिट गरेको पिडित साहले दावी गर्दै उनले'घटना पछि स्थानिय किल्निकमा उपचार लगाएर घटनाबारे प्रहरीलाई समेत जानकारी दिए ।' हिसाव र पारदर्शीता खोज्ने जो-कोँहीमाथि यस्तै प्रकारको व्यवहार गरेर मेयर यादव जिम्मेवारीबाट पछि

बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

Wonderful Opportunity in Engineering Project

Applications are invited from the experienced and qualified candidates for the following positions:

| Position | Min. Qualification | General Exp. | Experience in Related Field |
|---|---|---|---|
| Auto CAD Engineer | B.E (Civil) | 8 +yrs. | 4 + yrs. in Roads Design/Construction Supervision Project |
| Road Safety Officer | Master/Graduate in Social Science or Sociology | 5 +yrs | 2 + yrs in Road safety awareness |
| Social Development Officer | | 5 +yrs | 2 + yrs in Resettlement activities in Road Works |
| Office Manager | BBS, BBA | 3+yrs | 2+ yrs in office administration of project site office. |

- Should have working experience with International organizations.
- Master Degree in relevant field will be given preference.
- Project location is at Lahan, Siraha.

To Apply:
Email CV at: hr@tms.com.np before .

छिटो भरोसे WORLDLINK
SPEEDमा BOOST नगदमा छुट
3C Rs. 1,250
6C Rs. 2,200
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Terms and Conditions Apply
Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# चौबटिया

## 'धूर अहा बरद छी'



दिनेश यादव

दोसरेके लेल बहब,
खुट्टामे बानहल रहब,
कुट्टीसानी लेल टुकुर-टुकुर ताकब,
मलिकवाक दाना लेल कच्छर कातब,
डिरिएबाक आदत बनाएब,
तिरपित ओहीमे रहब,
झुठ नई छै शनिश्चराक कहब-
धूर अहा बरद छी ।१।

बधिया त पहिने भ गेल,
बच्छाक जामाना गेल,
साढ बनाबक समय सेहो गेल,
मर्खाहा बनबाक नई करू झेल,
टाइरमे बहब जमाना गुजैर गेल,
खैर-दाना बिना लार-पुआर खाएब,
झूठ नई छै शुक्राके कहब-
धूर अहा बरद छी ।२।

घेंचमे लागल गरदामी,
ओईमे लटकल डोरी,
कहियौ औतैह लागल घुघुर-कौडी,
सिंहमे तेल मालिस तोडी,
अई सिंगारक नई कुनू जोडी,
जोतबालेल तयार रहब,
झुठ नई छै बृहस्पतियाक कहब-
धूर अहा बरद छी ।३।

आँखि बन्द कोलमे घुमै,
कहियो झपकैत-झपकैत हर तानै,
सदखनि जुआ आ पालो बहै,
जोतहा जब पुच्छ पकडै,
अरे आह-आह कहैत अइठै
कान फडफराबैत मुडि हिलाएब,
झुठ नई छै बुधनाक कहब-
धूर अहा बरद छी ।४।

कांढिसं इलाजक आदि,
अपना पर मूँहमे जाबी,
दूसराक बालि पर हाबी,
ढोकनासं निकलत बदमासी,
बेसी कसबाकलेल नाथि,
तइयौ जुवाली सहबे करब,
झुठ नई छै मंगालाक कहब-
धूर अहा बरद छी ।५।

लांधी खाली रहत,
पेटके लेल डिरियाबै पडत,
मलिकबा त जोतेबे करत,
दयाभावसँ मलिकाइन पुवार ओगरत,
गोबरकर्सी अपन मर्जीसँ उठाएत,
ठूठ पुच्छ हिला-हिलाके कुकुरमाछी भगाएब
झूठ नई छै सोमनाके कहब-
धूर अहा बरद छी ।६।

कतबो दौनि घुमब,
तइयो पेनी खाएब,
कहियो गोला कहाएब,
सिलेबिया सेहो कहाएब,
जौ नई बहब, त बुढवा कहाएब,
नियति बनल मालिकके खुश करब,
झुठ नई छै रवियाके कहब-
धूर अहा बरद छी ।७।

# गफाडीको गफ

## सरोकार

अम्बराज मिश्र



मानिसको सबैभन्दा फुर्सदको समयमा समय बिताउने कार्यमा आ-आफ्ना चुटकिला, कथा, कविता, साहित्य र अरू कुनै कलाहरू प्रस्तुत गरि फुर्सदिलो समयलाई आनन्दमय तरिकाले बिताउने (कटाउने)चलन छ ।

विशेषगरि यो कार्य अधिकांश रोजगारमा रहने कामको थकावट पछी गर्ने र बेरोजगार ब्यक्तिहरूको लागि अधिक प्रयोग हुने गर्दछ । काममा ब्यस्त हुन नपाएकाहरूको बार्दली, बुर्जा, आँगन, अँगेना, घुर, चिया पसल, दारू पसल, कचहरि, फुलबारी, सडकपेटी, रिसोर्ट, खोला किनार, वन जंगलहरूमा समय कटनी गर्न जम्मा भएकाहरूले आफुले जानेका र भोगेका शिर्षकहरूलाई साथीहरूको माझ पस्कने चलन छ ।

प्रायः प्रतिपक्षलाई होस वा सहपाठीलाई सचेतना वा ब्यङ्ग गरी भनिने गरिन्छ । स्थानिय भाषामा यसलाई थाङ्ने गफ पनि भन्ने चलन छ । मानिसले जब जब फुर्सद पाउँछ, तब तब आफ्ना समकक्षी, छिमेकी तथा साथीहरूलाई भेला गरी समयको सदुपयोग गर्न सर्वपक्षिय कुराहरूको टिकाटिप्पणी एवम समिक्षात्मक मन्थन गर्ने गर्दछन । मन्थनबाट निस्केको चुरो कुरो स्थानिय निकायमा निर्णयार्थ पेश हुने गर्दछ ।

मन्थनबाट निस्केको चुरो कुरो बाहेक अन्य कुराहरू सबै गफ गफमा मात्रै सिमित रहन्छ । चुरो कुरो गर्नेहरू समाजमा स्थापित रहन्छन, गफै गफ गरैर समय बिताउनेहरू जति सबै गफाडीमा दर्ज हुने गर्दछन ।

चुरो कुरोको खोजी र मन्थनको लागि समाजमा सिमीत व्यक्तीहरू मात्र सकृय रहन्छन, सबैलाई चुरो कुरोको खोजी गर्ने अवसर र फुर्सदको भेउ रहन्न । परिवार र संस्कार अनुसारको मानवीय दिनचर्या रहने गर्दछ । अरूको खाएर गित भजन गाउँनेहरू समाजमा यत्रतत्र भेटिन्छन, ताई न तुईको गफ गरेर समाजलाई अन्योलमा राख्नेहरूको जमघटले गफाडीको गफमा मात्र सिमित राख्दछ ।

गफाडीहरूको गफ कति उचित छ ? भन्ने विषय उसले जीवनकालमा घर बाहेक समाजलाई कस्तो मोडालिटि दिन सक्यो ? समाजका अगाडि गरेका गफहरूको कति तारतम्मे मिलाएको छ ? साथै समाजलाई वा राष्ट्रलाई कस्तो योगदान दिन सक्यो ? भन्ने कुरा हामी गफमा लट्ठीनेहरूले बुझ्न आवश्यक छ ।

**'गफाडीको कथा'**

एक जना व्यक्ती दाउरा लिन जंगल गएका थिए, जंगलमा पुगेर सुकेको रूख काट्न थालेछ । रूख काटेको आवाजले खोल्सामा सुतिरहेको बाघले टाउको उठाएर हेरेछ , र गर्जनका साथ उठेर रूख काट्ने तिर अघि बढेको देखेर ती रूख काट्ने व्यक्ती डरले त्यही रूखमा चढ्न थालेको देखेर बाघ रूख मुनि आई पुगेछ । बाघ रूख मुनि आईपुगेर रूख चढेको मानिसलाई झम्टने कोशिस गर्ने क्रममा रूखको आधाबाटो पुग्दै लड्दै गर्दथ्यो, जब जब बाघ उफ्रन्थ्यो तब तब रूखको मानिस अझ अझ माथी माथी चढ्ने क्रममा टुप्पैमा पुगि सकेको थियो । र, पनि बाघ सकि नसकि झम्टने क्रममा उफ्रिरहेको थियो, बाघको उफ्राई देखेर मानिसले डरले पिसाब फेर्न थालेछ । बाघले पनि उफ्रदा उफ्रदा दिक्क लागेर अब रूखबाटै चढेर मानिसलाई भेट्न सकिन्न भनेर बाघले मानिसले पिसाब फेर्दै गरेको धाराबाटै चढेर मानिसलाई भेटेर खाने सुर गरेर पिसाबको धाराबाटै चढ्न थालेछ । बाघ चढ्दा चढ्दै पिसाब आउने काम सकिएछ र बिचमा पुगेको बाघ लडेर मरेछ र मानिसको ज्यान जोगिएर भाग्न सफल भएको थियो रे ।

*(यो पनि गफै अन्तर्गत हो)*

यस्ता गफका दन्त्य कथा अनुसारका गफहरू सुन्नलाई मानिसहरूको झुण्ड समाजमा सर्वत्र पाईन्छन । समाजमा कसै कसैको गफले नै दैनिकी चिया, नास्ता, पान, सुपाडी, चुरोट, बिडी, सुर्ति, खैनी, गुट्खा लगायत साँझको झिलिमिलि वाला नास्ताको व्यवस्थापन अरूबाटै टारेर आफ्नो दिन काटेको पनि देखिन्छ, त्यस्ताहरूले नजानेको विषय नै हुन्न, सबै पार्टीको घोषणा-पत्र देखि सरकारको नीति नियम, मन्त्री, जि एम, कानुनी दफा उपदफा सबैको जानकार भए अनुसार नै गफको तारतम्मे मिलाउँन खप्पिस देखिन्छन ।

त्यस्ता व्यक्तीहरूले समाजको त के कुरा गरौ आफ्नो घरको सिन्को पनि भाँच्न भ्याएको देखिदैन । अर्काको खान पाए पछी, ख्वाउनेले जे जे गर्न लगाउँछ त्यहि त्यहि गरेर समाजलाई धुमिल बनाउँने गर्दछ । अनि हामीहरू जस्तालाई रणभुल्लमा राखेर कूलती व्यवहारमा फसाईएका हुन्छौ ।

गफले ढाल्ने पनि कला हो ! चिप्लो घस्ने पनि कला हो ! सिद्धान्त परिवर्तन गर्ने पनि कला हो ! हुनै नसक्ने कुरालाई पनि हुने जस्तै पार्न सक्नु पनि कला हो ! गर्न नसकिने कुरा पनि गरेर देखाई दिन्छु भन्ने पनि कला हो ! यस्ता कला भएका व्यक्तीहरू हिजो आज सबै समाज, पार्टी सबै दल र तिनका भातृसंगठनहरूको कार्यकर्तामा अधिक पाईन्छ ।

गफ गर्ने र गराउनेहरू प्रायः समाज र राष्ट्र हितमा देखिदैनन्, बरू मनोरन्जनमा मात्र स्थापित रहन्छन । यहाँ मनोरन्जन दिनेहरू भन्दा पनि उपल्लो पदमा बसेर हावादारी गफ गरेर समय व्यतितमा अल्झेका देखिन्छन ।

तर, त्यसो भन्दै गर्दा पनि सरकारको उच्च पदस्थहरूले पनि हावा खाले गफ गरेर जनतालाई ठुल्ठुला सपना बाँड्दै हिडेको पाईन्छ । यति सम्मको सपना बाँड्छन की ३ करोड जनतालाई प्रती व्यक्ती १० कट्ठा जग्गा बाँड्ने रे, १०ж३. ३० करोड / २. १५ करोड बिघा जग्गा बितरण हुन्छ, जबकी आधा भन्दा बढी वन जंगल, खोला नाला कटाउँदा बाँकी रहने जग्गाले प्रति व्यक्ती १ कट्ठा जग्गा पनि नपुग्ने हुन्छ । हो यस्ता खाले भ्रमित तथ्याँकले जनतालाई पिरोलेको छ, घर घरमा चुलो बाल्ने ग्यास छोटो अवधिमै पूरा गर्ने वाचा र पहाडी ईलाका सबै तिर केवलकार, पानी जहाज, रेल सञ्चालन गर्ने जस्ता सपना बडाईले जनता वाक्क दिक्क भई आजित छन, भ्रष्टाचार हुनै दिन्न भए त्यस्तालाई तुरून्तै कारवाही गरेर देखाउने प्रतिबद्धताहरू राख्न नपाउँदै भ्रष्टहरूको संरक्षण गर्ने कार्यशैलीले जनता आजित छन ।

हरेक व्यक्ती, हरेक कार्यकर्ता तथा समाज सेवी भनाउँदाहरूले अब भ्रामक, गफाडीहरूको दोहोलो काढ्ने गरी देशको अग्रगामी सन्देश बाँड्न सक्नु पर्दछ । साचो व्यवहार हुने र गर्नेहरूलाई बिरानो भए पनि स्थापीत गर्न सकौ, गफाडीहरूको गफमा लट्ठ पर्न छाडौ, हामी धेरै पछी परि सकेका छौ । धन्यवाद ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज आफन्त वा मित्रबाट विशेष सहयोग मिल्नेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । व्यवसायका लागि यात्राको सम्भावना पनि छ ।

**वृष** :- आज नयाँ सवारी साधन प्राप्तिको योग छ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ । शुभकार्यको चर्चा चल्नेछ । प्रेम प्रस्ताव समेत प्राप्त हुनसक्छ ।

**मिथुन**:- आज यात्रामा विशेष लाभ मिल्ने देखिन्छ । शत्रुपक्ष र रोगबाट छुटकारा मिल्ने समय छ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट** :- आज आतिथ्यपूर्ण सम्मान पाइएला । नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योगछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

**सिंह**:- धार्मिक कार्य सफल रहनेछन । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । बौद्धिक काममा सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो होला । अधुरो काम पूरा हनेछ ।

**कन्या** :- राजनैतिक कार्यमा बाधा आउनेछ । नाक तथा घाँटीमा समस्या आउला । सामान हराउन पनि सक्छ, तर अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**तुला** :- दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**वृश्चिक** :- क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । अभिभावकको सुझावले उचाइमा पुऱ्याउन सहयोग गर्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

**धनु** :- सामाजिक कार्यमा रूचि जाग्नुका साथै पारिवारिक सुख मिल्ने देखिन्छ । आँटेको र ताकेको कार्य पुरा होला । बोलीको प्रभाव पनि बढ्नेछ ।

**मकर**:- कार्यमा अवरोधका साथै स्वास्थ्यमा पनि प्रतिकूलता रहन सक्ने देखिन्छ । नजिकको व्यक्तिबाट धोका पाईन सक्नेछ सचेत रहनुहोला ।

**कुम्भ**:- प्रेम र मित्रताको बन्धन कसिने बेला छ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । नयाँ कार्यको योजना बन्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिन** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । अन्योलका बीच उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

# शिक्षकलाई क्षमता विकास तालिम

लहान । 'शिक्षकको मर्यादित पेशा विद्यार्थीलाई जीवनोपयोगी शिक्षा' मूल नाराका साथ शुक्रबार सिरहा जिल्लाभरका अगुवा महिला शिक्षकहरूलाई महिला नेतृत्व क्षमता विकास तथा सशक्तीकरण तालिम दिइएको छ ।

नेपाल शिक्षक संघ सिरहाका महिला उपाध्यक्ष अनिता कुमारी यादवको अध्यक्षतामा भएको उदघाटन कार्यक्रममा प्रमुख अतिथि संघका केन्द्रीय उपाध्यक्ष गंगा प्रसाद यादव, केन्द्रीय उपमहासचिव परशुराम यादव, संघका २ नम्बर प्रदेश अध्यक्ष मेघनाथ यादव, प्रदेश उपाध्यक्ष सुधा चौधरी, लहान नगर अध्यक्ष अरविन्द कुमार दास, प्र.अ.हरू डा.महेन्द्र प्रसाद चौधरी, नारायण साह, जिल्ला सचिव राजकिशोर यादव लगायतका वक्ताहरूले तालिमबाट पेशालाई मर्यादित र नेतृत्व सक्षमता हासिल हुने बताए ।

उक्त तालिम नेपाल शिक्षक संघ सिरहाको आयोजना तथा पशुपति आदर्श मा.वि.लहानको सौजन्य तथा व्यवस्थापनमा भएको थियो । जिल्लाभरका ५४ जना महिला शिक्षकहरू सहभागी उक्त तालिमको सहजीकरण कामना ठाकुर, सुधा चौधरी, मेघनाथ यादव र परशुराम यादवले गरेका थिए ।

कार्यक्रमको अन्त्यमा उदघोषक राज किशोर यादवले नेपाली कांग्रेस पार्टीले माघ २४ गते शनिबार आफ्ना शुभेच्छुक संस्थाहरूलाई प्रतिगमन तथा प्रधानमन्त्री केपी ओलीको असंवैधानिक कदम विरूद्ध बिरोध




कार्यक्रम गर्न आव्हान गरे बमोजिम सो दिन पशुपति मा.वि.प्राङ्गणमा दिउँसो १ बजे भेला हुन सबै शिक्षक तथा शुभेच्छुक संस्थाहरूलाई आग्रह गरेका थिए ।

---

## नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

वितरण तथा ग्राहक, सेवा निर्देशनालय

प्रदेश नं. २ प्रादेशिक, कार्यालय, जनकपुर

लहान वितरण केन्द्र, लहान

### नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्रको मिटर नामसारी सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/१०/११**

प्रस्तुत विषयमा यस वितरण केन्द्र तपसिलमा उल्लेखित विभिन्न ग्राहकहरुबाट विभिन्न मितिमा विद्युत मिटरको लगत नामसारीको लागि आवेदन दिनु भएकोले नेपाल विद्युत वितरण विनियमावलीका परिच्छेद ५ विनियम २९ अनुसार विद्युत मिटर नामसारीको हक दावी विरोध गर्नुपर्ने भए नामसारी नगर्नुको कारण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उपस्थित हुन जानकारी गरिन्छ । अन्यथा नियमानुसार नामसारी भई जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ग्राहक नम्बर | आवेदकको नाम थर र ठेगाना | नामसारी हुने व्यक्तिको नाम, थर र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ००१-०६-१३४ | श्री मान्ती सुनरैत यादव लहान न.पा. वडा नं. १ मटियर्वा । | श्री उमा देवी यादव लहान न.पा. वडा नं. १ मटियर्वा | |
| २. | ०१५-२२-०३९ | श्री प्रमोद कुमार यादव धनगढीमाई न.पा. वडा नं. ०९ चैनपुर । | श्री मितन यादव धनगढीमाई न.पा. वडा नं. ०९ चैचनपुर । | |
| ३. | ०१५-१६-१०९ | श्री दुलुक कुमारी यादव विष्णुपुर गा.पा. वडा नं. १ भुल्किया । | श्री अमिरिका कुमारी यादव विष्णुपुर गा.पा. वडा नं. १ भुल्किया । | |
| ४. | ००१-१२-०२५ | श्री प्रमोद चौधरी लहान न.पा. वडा नं. १० ग्रामीण । | श्री जगविर साह सुडी लहान न.पा. वडा नं. १० ग्रामीण । | |
| ५. | ००२-१३-०४४ | श्री नजवून खातुन लहान न.पा. - ८ । | श्री रतन देवी साह लहान न.पा. - ८ । | |
| ६. | ००१-१९-१२५ | श्री सियाराम चौधरी लहान न.पा. वडा नं. ७ सिसवनी । | श्री रिंकी कुमारी शाह लहान न.पा. वडा नं. - ७ सिसवनी । | |
| ७. | ००१-२३-०७७ | श्री दयानाथ मण्डल लहान न.पा. वडा नं. १० गोठटोल । | श्रीराधा कुमारी साह तेली लहान न. पा. वडा नं. १० गोठटोल | |
| ८. | ००९-१९-०७३ | श्री शिव कुमार साह सुडी लहान न.पा. वडा नं. ११ पडरिया | श्री गिता कुमारी साह लहान न.पा. वडा नं. ११ पडरिया | |

---

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

---

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा


धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# समुदाय र प्रहरीबीचको सहकार्य अभिवृद्धिका लागि प्रतिवद्धता पत्र जारी




सामुदाय प्रहरी सहकार्यका लागि प्रतिबद्धतापत्र

समुदायको प्रतिबद्धता

प्रहरीको प्रतिबद्धता

सिरहा । समुदायमा रहेका सुरक्षा र न्याय सम्बन्धी समस्याहरू न्युनिकरण गर्न समुदाय र प्रहरीबीचको सहकार्य अभिवृद्धिका लागि सिरहा नगरपालिकामा शुक्रवार एक कार्यक्रमबीच दश सुत्रिय प्रतिवद्धता पत्र जारी भएको छ ।

सामुदाय प्रहरी साझेदारी कार्यक्रम समिति सिरहा र समग्र जन उत्थान केन्द्र लहानद्धारा सिरहाको जिल्ला समन्वय समितिको हलमा शुक्रवार आयोजना गरिएको समुदाय प्रहरी सम्वाद कार्यक्रममा सहभागी समुदाय र प्रहरीले सो प्रतिवद्धता पत्र जारी गरेको हो ।

समुदायमा रहेको सुरक्षा र न्यनयका सम्बन्धी प्रमुख सवालहरूलाई सम्बोधनका लागि समुदायले निर्वाह गर्ने भूमिका र प्रहरीले निर्वाह गर्न भुमिका गरी प्रतिवद्धता जारी गरेका छन् ।

जारी गरिएको प्रतिवद्धतामा समुदायले हामी कुनै पनि खाले हिंसाजन्य कार्यमा संलग्न हुँदैनौ, हाम्रो जानकारीमा आउने हिंसा वा अपराधका घटनाहरूमा मौन नबसी तत्काल प्रहरीमा खबर गर्छौं, अपराध अनुसन्धानका क्रममा प्रहरीलाई सम्भव भए सम्म सहयोग गर्छौं, आफ्नो घर परिवार र समाजमा शान्ति तथा सुव्यवस्था कायम गर्नका लागि आवश्यक पहल गर्छौं र सेवा प्रवाहका क्रममा प्रहरीलाई पर्ने कठिनाईमा समुदायका तर्फबाट गर्नुपर्ने आवश्यक सहयोगहरू गर्ने उल्लेख छ ।

यस्तै प्रहरीले पनि पाँच सुत्रिय प्रतिवद्धता जारी गरेका छन् । जारी गरिएको प्रतिवद्धतामा समुदायका समस्याहरूलाई सम्बोधन गर्नका हरबखत तमतयार रहन्छौं, समुदायका सबै व्यक्तिहरूलाई बिना भेदभाव मैत्रीपूर्ण रूपमा सेवा प्रदान गर्छौं, संगठनको नीति तथा रणनीति अनुसार पीडित तथा प्रभावितहरूलाई सम्मानजनक रूपमा प्रभावकारी सेवा प्रदान गर्न कुनै कसर बाँकी राख्ने छैनौं, समुदायका सुझावहरूलाई ग्रहण गर्दै सेवालाई थप प्रभावकारी बनाउँदै लैजाने छौं र समुदायसँगको सहकार्यमा शान्ति तथा सुव्यवस्था कायम गर्ने अभियानलाई निरन्तरता दिँदै समुदायसँगको सहकार्य थप बलियो बनाउँदै अगाडि बढ्ने उल्लेख छ ।

लैंगिक हिसा विरूद्धमा पहल गर्ने पहलकर्मीहरू, सीमान्तकृत समुदायका पीडित महिला तथा किशोरीहरू, सामुदाय प्रहरी साझेदारी कार्यक्रम समितिका प्रतिनिधिहरू, वडाका जनप्रतिनधि, नगरपालिकाको महिला शाखा, जिल्ला प्रहरी कार्यालय महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका प्रतिनिधिहरू सामाजिक अगुवा, सञ्चारकर्मी गरी ३० जनाको सहभागिता रहको सो सम्वाद कार्यक्रममा समुदाय र प्रहरीले संयुक्त रूपमा प्रतिवद्धता जारी गर्दै समुदायमा सुरक्षा र न्यायसंग सम्बन्धीत समस्याहरू न्यनिकरणका लागि कार्ययोजना समेत निर्माण गरेको स्थानीय सहजकर्ता दिलिप सहनीले जानकारी दिनुभयो ।

समग्र जन उत्थान केन्द्र लहानका सहज परियोजना व्यवस्थापक कृष्ण कुमार साह र कार्यक्रम अधिकृत रामभरोसी महतोले सहजीकरण गर्नु भएको सो सम्वादमा समुदायमा सुरक्षा र न्यायसंग सम्बन्धी समस्याहरूको पहिचान गरी ती समस्याहरूको प्राथमिकिरण समेत गरेका छन् । सम्वादमा दहेज प्रथा, समुदायमा हुने अपराधको घटनाबारेमा सुचना नदिने र अनुसन्धानमा पनि सहयोग नगर्ने, लागु औषध दुर्व्यसन र लैंगिक विभेद प्रमुख समस्या रहेको ठहर गर्दै निराकरणका लागि संयुक्त कार्ययोजना समेत निर्माण गरेका छन् ।

युकेएडको आर्थिक सहयोगमा भिएसओ नेपाल र इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जन उत्थान केन्द्र लहानद्धारा प्रदेश २ मा नै सञ्चालन भइरहको सहज परियोजना अन्तरगत सामुदायमा रहेको सुरक्षा र न्यायको सेवा सवलीकरणका लागि विभिन्न किसिमको गतिविधिहरू सामुदाय प्रहरी साझेदारी समितिको सहकार्यमा गर्दै आएका छन् ।

## तोकिएकै...

आएको उनले प्रष्ट्याए । देशले निकास पाए शिक्षा क्षेत्रको दिगो विकास हुने भेलाका विशिष्ठ अतिथि लक्ष्मी आचार्यले बताए । उनले विद्यार्थीको हितमा अरूभन्दा ओली नेतृत्वको सकारले महत्वपूर्ण काम गरेको दावी गरे । उनका अनुसार आउने दिनमा पनि ओलीले नै शैक्षिक क्षेत्रको विकासका लागी दिगो र प्रभावकारी योजना ल्याउने छन् ।

विद्यार्थीले पार्टीको झण्डा मात्र बोक्ने हैन कि शैक्षिक गतिविधिमा लाग्नुपर्ने अनेरास्ववीयुका केन्द्रिय सदस्य अषेश गोइतले बताए । उनले शैक्षिक गुणस्तरीयतालाई पहिलो प्राथमिकतामा राखेर अघि बढ्ने सबै अनेरास्ववीयुको सहयात्री रहेको तर्क गरे ।

अनेरास्ववीयुलाई नेतृत्व गर्दै जिल्ला बाल संगठन सिरहाका अध्यक्ष बन्न सफल भएका दिनेश यादवलाई त्यस भेलामा सम्मान गरिएको छ भने कानूनमन्त्री श्रेष्ठलाई बधाई ज्ञापन गरियो । सुदन कुसियैतको अध्यक्षतामा ५१ सदस्य जिल्ला कमिटि घोषणा गरिएको जनाइएको छ । कुसियैतको अध्यक्षतामा भएको जिल्ला भेलामा विद्यार्थी नेताहरू रवि मिश्र, कनीष पटेल लगायतले देशको वर्तमान परिवेश र त्यसको निकासमा विद्यार्थीको भुमिका दर्साउँदै आ–आफ्ना विचार व्यक्त गरे ।

## पारदर्शिता...

हट्दै तर्साउँदै आएको उनको दाबी छ । उनका अनुसार मेयर यादवले दादाथिगिरी शैलीमा कुटपिट र विवाद गर्ने वाहेक खासै काम गर्न सिकेकै छैन् । 'हाम्रो पार्टीको आन्तरिक बैठक थियो,' मिर्चैया नगरपालिकाका मेयर यादवले भने,'पार्टीको बैठकमा नगरपालिकाको के सरोकार ? हिसाव लिएर त्यहाँ जाने कुरै आउदैन् । त्यतिकै सबै खर्च विवरण वेभसाइटमा राखिएको छ । जसलाई लिनु छ त्यसबाट लिए हुन्छ ।' कुनै त्यस्तो खासै घटना नभएको उनको दाबी छ ।

कुटिएका प्रदिप साह गएको स्थानीय तहको निर्वाचनको मिर्चैया नगरपालिका ५ बाट वडाअध्यक्ष पदको उम्मेदारी दिएर भिनो मतले पराजित भएको बताइएको छ । घटनाबारे खोजविन भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमै गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)